नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: ५५१६
मिति: २०८३।१।८




सम्माननिय प्रधानमन्त्री ज्यू,

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,

सिंहदरबार, काठमाडौं।

**विषयः ठेक्का प्रक्रिया छानबिन गरी आवश्यक कारवाही गरिपाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा देहायको योजनामा भएको हिनामिना, कानुनी प्रकृया र कार्यविधि विपरितको कार्य गरि ठेक्का सम्झौता भई ठेक्का दिईएको बारे विवरण गेहास बमोजिम छन्;

2. **जलविधुत आयोजना आयोजनाको नामः** तामाकोशी-५ जलविधुत आयोजना

**निकायः** नेपाल विधुत प्राधिकरण(तामाकोशी जलविधुत कम्पनी लि)

**ठेक्काको नाम:** Contract 2: Electro mechanical Equipment and Transmission Line Work For Tamakoshi V Hydroelectric Project

**ठेक्का संकेतः** TKJVC/TKV/082-83/ICB/DB-01

3. **सम्बन्धित व्यक्तिः**

5. श्रीराम कुमार यादव- प्रबन्ध सञ्चालक, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
6. टेन्डर मुल्याङ्कन समिति, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
7. लक्ष्मी सनसाइरज बैंक, केन्द्रीय कार्यालय, हात्तीसार, नेपाल
8. Hangzhou Jianghe Hydroelectric Science and Technology Co. Ltd(China), HJHE(China)

उपरोक्त आयोजना इलेक्ट्रोमेकानिकल प्याकेज अन्तर्गत **Turbine Generator** जडान तथा **Transmission Line** निर्माणको लागि **13, November 2025** मा ठेक्काको सुचना प्रकाशित भएको थियो। उक्त कार्यका लागि देहाय बमोजिमका ३ वटा अन्तराष्ट्रिय कम्पनीले आफ्नो प्रस्ताव पेश गरेका थिए:

4. **HRPE-ZOEC JV (China)**

सम्मानिनय मन्त्री ज्यू,

श्री गृह मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

**विषयः ठेक्का प्रक्रिया छानबिन गरी आवश्यक कारवाही गरिपाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा देहायको योजनामा भएको हिनामिना, कानुनी प्रकृया र कार्यविधि विपरितको कार्य गरि ठेक्का सम्झौता भई ठेक्का दिईएको बारे विवरण गेहास बमोजिम छन्;

1. **जलविधुत आयोजना आयोजनाको नामः** तामाकोशी-५ जलविधुत आयोजना

**निकायः** नेपाल विधुत प्राधिकरण(तामाकोशी जलविधुत कम्पनी लि)

**ठेक्काको नाम:** Contract 2: Electro mechanical Equipment and Transmission Line Work For Tamakoshi V Hydroelectric Project

**ठेक्का संकेतः** TKJVC/TKV/082-83/ICB/DB-01

2. **सम्बन्धित व्यक्तिः**

1. श्रीराम कुमार यादव- प्रबन्ध सञ्चालक, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
2. टेन्डर मुल्याङ्कन समिति, तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेड
3. लक्ष्मी सनसाइरज बैंक, केन्द्रीय कार्यालय, हात्तीसार, नेपाल
4. Hangzhou Jianghe Hydroelectric Science and Technology Co. Ltd(China), HJHE(China)

उपरोक्त आयोजना इलेक्ट्रोमेकानिकल प्याकेज अन्तर्गत Turbine Generator जडान तथा Transmission Line निर्माणको लागि 13, November 2025 मा ठेक्काको सुचना प्रकाशित भएको थियो। उक्त कार्यका लागि देहाय बमोजिमका ३ वटा अन्तराष्ट्रिय कम्पनीले आफ्नो प्रस्ताव पेश गरेका थिएः

1. **HRPE-ZOEC JV (China)**

2. **Hangzhou Jianghe Hydroelectric Science and Technology Co. Ltd China, HJHE, (China)**
3. **Power China Zangnan Engineering Corporation Limited- CWTW JV (China)**

प्राविधिक मुल्याङ्कन क्रममा **Power china Zangnan Engineering Corporation Limited- CWTW JV** उपक्रम Financial Requirement को Condition नपुगी अयोग्य भएको थियो। मुल्याल्ङ्कनको क्रममा CWTW को NETWORTH ZERO (O) हुन आएकोले, अयोग्य भएको थियो। प्राविधिक मुल्याङ्कन पास गरिएको HJHE कम्पनीको योग्ताका कागजपत्र फर्जी भएकोले HRPE-ZOEC JV ले सो सम्बन्धमा फर्जी कागजातहरु चेक जाँच गरी बोलपत्र मुल्याङ्कन पुनरावलोकन गर्नका लागि 6TH March 2026 का दिन निवेदन दर्ता गरेको थियो। यस प्रकारको पत्र/उजुरी प्राप्त भएपछी सो उपर अध्ययन अनुसन्धान र जाँचबुझ गरी उजुरी कर्तालाई सो सम्बन्धी जानकारी गराउँदा आधिकारीक परामर्शदातालाई समेत जानकारी गराउनुपर्नेमा ,नगराई सार्वजनिक खरिद ऐन प्रतिकुल हुने गरि मिलेमतोमा बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने कार्य भएको उक्त कार्य पूर्ण रुपमा गैरकानूनी छ। HREP-ZOEC JV ले 6TH March 2026 मा आधकारीक पत्र मार्फत पुनरावलोकन दर्ता गरेको थियो।

**HJHE उपर अनुसन्धानका बुँदा र कागजपत्रः**

1. **SECTION III: Evaluation and qualification Criteria(EQC), 2.4 Experience को 2.4.2(a) Contract of Similar Size and Nature अनुसार प्राविधिक रुपमा छनौट हुनका लागि, प्रस्तावक कम्पनीले, विगत १० वर्ष भित्र 23.45 Million USD बरबारको Electromechanical (Design, Manufacture, Supply and installation, commissioning)** काम गरेको हुनु पर्नेमा HJHE एउटा Turbine उत्पादक कम्पनी मात्र रहेकोले उक्त कम्पनिले EPC/DB/TURKEY model अन्तर्गत विगत १० वर्ष भित्र सो रकम र सो प्रकृतिको कुनै पनि आयोजना सम्पन्न गरेको अबस्था नहुदाँ उल्लेखित ठेक्का अन्तर्गत प्रस्तुत कागजपत्र किर्ते गरी फर्जी कागज पेश गरेको बारे अनुसन्धान गरि आवश्यक कारवाहि गरियोस्।

   **SECTION III: Evaluation and qualification (EQC) 2.4. Experience को 2.4.2 (b) Construction in key activities अन्तर्गत प्रस्तावक कम्पनीले विगत १० वर्ष कुनै २ आयोजना**

**25MW वा सो भन्दा बढि साइजको Francis Turbine (Design, manufacture, supply, installation and commissioning )** को काम गरेको हुनु पर्दछ। यस अन्तर्गत कम्तीमा पनि एउटा आयोजना **प्रस्तावक कम्पनीले आफ्नो देश बाहिर सम्पन्न गरेको हुनु पर्दछ।** HJHE ले Bid Submission date का दिन सम्म विगत १० वर्ष भित्र 25 MW size को **वा सो भन्दा बढि साइजको** Francis Turbine देश बाहिर गरेका छैन। HJHE ले किर्ते कागज पेश गरी Vietnam स्थित Huong Dien (Xiang Dien) Hydropower station को सम्पुर्ण EPC कार्य आफुले गरेको भनि पेश गरेको छ। विभिन्न प्रमाणको आधारमा उक्त आयोजना चाइना सरकार अन्तर्गतको China National Electric Engineering Company Limited (CNEEC) ले गरेको प्रमाण चाइना सरकारको आधिकारिक वेबसाइटमा पनि उपलभ्ध छ।

2. उक्त Huong Dien आयोजना सन् २०१३ मा सञ्चालनमा आएको भएता पनि HJHE ले कीर्ते गरी फर्जी कागजात तयार गरी उक्त आयोजनालाई २०१७ मा सञ्चालनमा भएको भनी प्रस्तुत गरेको गरि झुठ्ठा विवरण पेस गरेको प्रष्ट हुन्छ। आधिकारिक सरकारी श्रोत र जानकारीसँग अमिल्दो कीर्ते काज पेश गर्दा पनि HJHE लाई प्रविधिक मुल्याङ्कन मै अयोग्य तथा किर्ते कागज पेश गरेको अभियोगमा कारवाही नगरि टेन्डर दिलाउनुमा तामाकोशी-५ जलविधुत कम्पनी लिमिटेडको ( नेपाल विधुत प्राधिकरणको) गलत मनसाय तथा संगलन्ता देखिन्छ ।

यसका साथै **Section III: 2.3 financial situation अनुसार 2.3.2 Average Annual Construction Turnover अनुसार प्राविधिक रुपमा पास हुनको लागी औसत वार्षिक कारोबार 21.4 million USD हुनु पर्दछ** । यसले प्रस्तावक कम्पनीको आर्थिक अवस्था जनाउँदछ । तर 18 million USD औसत वार्षिक कारोबार मात्र रहेको HJHE कम्पनीको Annual Turnover अस्वभाविक रुपमा 21.4 million USD पुग्नु आफैमा एउटा अनुसन्धानकलो विषय छ । यसर्थ कीर्ते गरी पेश गरिएको Audit Report Certified Auditor मार्फत Check र Verification गर्न आवश्यक छ ।

**Section II: Bid Data Sheet अनुसार ITB 19.1 अनुसार प्रस्तावक कम्पनीले १६ करोड बराबरको बैंक जमानत (Bank Guarantee)** पेश गर्नु पर्ने हुन्छ । तर **Laxmi Sunrise Bank Limited** (Nepal) ले जारी गरेको उक्त **बैंक जमानत** HJHE ले जारी **नगरी [Counter**

**Guarantee नबनाई ]** प्रचलित बैंकिङ व्यवस्था विपरित नेपालबाटै  अरू कसैले issue गरेको छ । नेपाल राष्ट्र बैंकको निर्देशिका तथा नेपाल सरकारको सार्वजानिक खरिद नियामवली अनुसार जटिल प्रकारका आयोजनमा प्रस्तावक कम्पनीले नै **बैंक जमानत** जारी गर्नुपर्ने हुन्छ ( थर्ड पार्टी ग्यारेन्टी मान्य नहुने) । तसर्थ कीर्ते कागज मात्र नभई बैंकिङ्ग कानुनको पनि वेवास्ता गरी उक्त कम्पनी र Laxmi Sunrise Bank Limited ले के कस्ता collateral को आधारमा Guarantee issue गर्यो, अनुसन्धान गरियोस् ।

तामाकोशी - ५ आयोजनाले 27 March 2026 का दिन Letter of Intent for Acceptance जारी गरेको थियो भने 5th April 2026 मा Letter of Acceptance जारी गरि 8th April 2026 मा सम्झौता सम्पन्न गरेको थियो। Acceptance Amount: USD 28,564,946.73 NPR 1,208,360, 249.46

2. उक्त रकमको कार्यसम्पादन जमानत (Performance Guarantee @10% का हिसाबले ) USD 2,856,494.60, NPR 120,836,024.9 हुन आउँछ । 8 April 2026 मा Contract Signing गरिएकोमा हुन आउने Performance Guarantee NPR 546,453,720.30 [चौवन्न करोड चौसठ्ठी लाख त्रिपन्न हजार सात सय बीस रुपैया] कसरी यति छोटो समय (तीन दिन) मा Counter Guarantee बिना Laxmi Sunrise Bank Limited ले जारी गर्यो भन्ने विषय अनुसन्धान हुन जरुरी छ।

राष्ट्र बैंकको नियम तथा सार्वजानिक खरिद कानुन अन्तर्गत अन्य Agent ले गर्ने त्यस्तो प्रकारको Guarantee मान्य हुदैन । थुप्रै आयोजनाबाट प्राप्त अनुभवले पनि **बैंक जमानत** को गम्भीरता सिकाई सकेको छ । यस्तो अवस्थामा **बैंक जमानत** जारी गर्ने **बैंक** तथा Accept गर्ने तामाकोशी जल विद्दुत आयोजनाको कार्यलयमा पनि छानबिन हुनुपर्ने माग छ । HJHE ले काम नगर्न सकेको खण्डमा कार्यसम्पादन जमानत जफत (Forfeit )गर्नुपर्ने अवस्थामा हजारौ बचतकर्ताको रकम बैंकले जोखिममा तथा गलत प्रयोजन का लागि प्रयोग गरेको सजिलै बुझ्न सकिन्छ, साथै विदेश स्थित आर्थिक कारोबार बलियो नरहेको कम्पनीले LOA जारी गरेको ३ दिन भित्र आधा अर्ब भन्दा बढीको जमानत जारी गर्न असम्बव प्राय हुन्छ ।

3. मुल्याङ्कनका क्रममा आधिकारिक परामर्शदाता DOLSAR Engineering र यसको associate कम्पनीलाई समावेश नगर्नुले तामाकोशी-५का कर्मचारीको बदनियत प्रष्ट हुने हुँदा सम्बन्धित परामर्शदाताको असंलग्नता बारे धारणा लिन र आवश्यकतानुसार छानविन हुन आवश्यक छ। तामाकोशी जलविधुत आयोजना र परामर्शदाता बिचको सम्झौता अनुरुप मूल्याङ्कन प्रकृयामा अनिवार्य रुपले परामर्शदातालाई संलग्न गराउनुपर्नेमा उक्त कार्य नगरेकोले पनि मूल्याङ्कन समिति र HJHE को मिलेमतो प्रष्ट हुन्छ।
4. सम्झौता हस्ताक्षर पछि सम्भावित उजुरी र छानबिनको कार्य छल्नका लागि सम्पूर्ण मुल्याङ्कन समिति नै सम्पर्क विहिन भई विदेश भ्रमणमा गएकोले दोषी अन्तमा उपरोक्त आयोजनाको ठेकेदार छनौट प्रक्रियामा प्रष्ट रुपमा भ्रष्टाचार भएकोले निम्न लिखित निवेदनको सुनुवाई गरि भ्रष्टाचार रहित खरिद प्रक्रिया र राम्रा कम्पनिको समावेश हुने वातावरणलाई सुनिश्चित गरिदिनुहुन आग्रह छ। किर्ते कागजको छानविन गरि यस कार्यमा संलग्न सरकारी कर्मचारी तथा किर्ते सम्बन्धी अपराध गर्ने कम्पनीलाई छानबिन नगरि ठेक्का अवार्ड गरि भ्रष्टाचार गरेको तथा किर्ते गर्ने कम्पनीलाई हदैसम्मको कारवाही गरि कालो सुचिमा राख्ने माग गर्दै यस्तो कार्यमा मञ्जुरी दिई कानुन विपरित bank guarantee जारी गर्ने बैंकलाई समेत नियमानुसार कारवाही होस् भन्ने समेत निवेदन गर्दछु।
5. 5)सार्वजनिक खरिद ऐन बमोजिम उजुरीकर्ताले बोलपत्रदाताको पुनरावलोकन सम्बन्धी अधिकारलाई कुण्ठीत गरि फर्जी कागजातहरु अध्ययन अनुसन्धान नगरी तथा बोलपत्रको प्राविधिक प्रस्ताव पुनरावलोकन नगरी मिलेमतोमा बोलपत्रको आर्थिक प्रस्ताव खोली हतार हतारमा अवैध तवरले नेपाली बैंकबाट जारी गरिएको रु. ५४ करोडको कार्य सम्पादन जमानत पत्र को आधारमा ठेक्का सम्झौता गरीएको र ठेक्का सम्झौता गर्नासाथ मुल्याङ्कन समितिको आधाभन्दा बढी सदस्य सहित (लेखा प्रमुख,प्राविधिक प्रमुख,प्रशासन प्रमुख,कार्यालय प्रमुख लगायतको सदस्यहरु) भारत भ्रमणमा बिदा लिई जानुले मिलेमतोमा भ्रष्टाचार गरी योग्य कम्पनिलाई पन्छाई फर्जी कम्पनीलाई ठेक्का दिएको कार्य छानबिन गरी कार्यालय प्रमुख लगायत दोषीलाई हदैसम्मको कारवाही गर्न तथा प्रभावमा परि अनियमित तरिकाले कार्य सम्पदान जमानत जारि गर्ने लक्ष्मी सनराईज बैंक लि. लाई समेत कारवाही गरी हदैसम्मको सजायका लागि आवस्यक कारवाही गरिदिनुहुन अनुरोध गर्दछु।
6. संलग्न प्रमाणहरुः

1. HREP-ZOEC JV ले दर्ता गरेको पुनरावलोकन पत्र।
2. HREP-ZOEC JV ले HJHE को qualification review सम्बन्धी दर्ता गरेको थप जानकारी।
3. TLJCL ले पठाएको clarification पत्र
4. परामर्शदाताको को संलग्नता condition
5. CNEEC (सरकारी निकाय) को आधिकारीक website को सूचना
6. HJHC को आधिकारीक website मा रहेको reference list

**बोधार्थः**

1. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं।
2. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नक्साल,काठमाडौं।
3. नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्यूरो, लाजिम्पाट,काठमाडौं।
4. नेपाल राष्ट्रिय बैंक, बालुवाटार, काठमाडौं।
5. सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौं।
6. Dolsar Engineering ( ITECO Office), मिनभवन,काठमाडौं।
7. तामाकोशी जलविधुत कम्पनी लि., चिलिमेटावर।
8. लक्ष्मी सनराईज बैंक लि, गैरीधारा,काठमाडौं।
9. Embassy of the People's Republic of China in Nepal, Baluwatar, Kathmandu.

निवेदक,

प्रतिनिधिः HRPE-ZOEC JV
liuxinghua@orientengg.com

इति सम्वत् २०८३ साल वैशाख महिना ०३ गते रोज ५ शुभम्..............................।